आज मिति २०७८/०७/२८ गते आईतबारका- दिन सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा DCCMC का अध्यक्ष श्री इन्द्रदेव यादवको अध्यक्षतामा बसेको जिल्ला Covid-19 Crisis Management Center सुनसरीको बैठकमा निम्न बमोजिमको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्र.जि.अ. श्री इन्द्रदेव यादव | श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| प्र.से. श्री अर्जुन दुलाल | श्री कृष्णदल गण, इटहरी, सुनसरी |
| प्र.उ. श्री सन्जय सिंह थापा | श्री जिल्ला प्रहरी कार्यालय, सुनसरी |
| स.प्र.उ. श्री माधव प्रसाद पौडेल | श्री स.प्र.बल, नेपाल नं. ४ गण हे.क्वा., सुनसरी |
| उप.अ.नि. श्री नगेन्द्र दाहाल | श्री रा.अ.जि.का., सुनसरी |
| मे.सु. डा. पुजा दास | श्री ईनरुवा अस्पताल, सुनसरी । |

**आमन्त्रित**

| | |
|---|---|
| स.प्र.जि.अ. श्री आनन्द पौडेल | श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी । |
| स.प्र.जि.अ. श्री महेश कुमार पोखरेल | श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी |
| का.प्र. श्री सागर प्रसाईं | श्री स्वास्थ्य कार्यालय |
| जनस्वास्थ्य अधिकृत श्री दिक्षा श्रेष्ठ | श्री स्वास्थ्य कार्यालय, सुनसरी । |
| प.हे.न. उर्मिला शर्मा | ॥ |

**निर्णय**

१. यस समितिको मिति २०७८/०७/०१ गतेको बैठकको निर्णय कार्यान्वयन अवस्थाको समीक्षा गरियो । कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

२. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ८८६ मिति २०७८/०७/१४ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । तत्सम्बन्धमा निर्देशन भए बमोजिम प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहसंगको समन्वयमा सीमानाकामा प्रभावकारी चेकजाचको व्यवस्था मिलाउने ।

३. कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा प्रतिकार्यको लागि जिल्ला स्थिति भोक्राहा नरसिंह गा.पा. वडा नं. ५ स्थित सि-म्याक्स फास्ट फुड प्रा.लि. को भवनमा स्थापना गरिएको Holing Center र इटहरी उप.म.न.पा. वडा नं. ९ स्थिति इटहरी रंगशालामा स्थापना गरिएको Isolation Center मा कृष्ण दल गण, इटहरी वाट सुरक्षा प्रदान गर्दै आएकोमा हाल कोभिड-१९ संक्रमित व्यक्ति नभएको र संक्रमणको दर समेत कम रहेकोले कृष्ण दल गण, इटहरीको चं.नं. १४८७१/अप्स/३१/०७८/७९/३० मिति २०७८/०७/२३ गतेको पत्रवाट उक्त फौज हटाउनुका लागि अनुरोध भई आएकोले कोरोना संक्रमणको दरमा वृद्धि भएको बखत उक्त स्थानमा पुनः नेपाली सेनाको टोली परिचालन हुने गरी उक्त स्थानमा रहेका नेपाली सेनाको फौजलाई हाललाई फिर्ता गर्ने ।

Diksha